# वार्षिक शैक्षिक स्थिति प्रतिवेदन

## आर्थिक वर्ष २०८२/०८३

सिमकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
**शिक्षा,युवा तथा खेलकुद शाखा**
सिमकोट ,हुम्ला
कर्णाली प्रदेश,नेपाल

# दुई शब्दः

शिक्षा, युवा तथा खेलकुदको विकास नै सिमकोट गाउँपालिकाको समग्र समृद्धिको आधारशीला हो । नेपालको संविधानले प्रत्याभूत गरेको मौलिक हक, स्थानीय सरकार सञ्चालन ऐन,२०७४ र संघीय शिक्षा नीति अनुरूप यस **सिमकोट गाउँपालिका** गाउँ कार्यपालिका अन्तर्गतको **शिक्षा, युवा तथा खेलकुद शाखा**ले पालिकाभित्र शैक्षिक गुणस्तर अभिवृद्धि, युवा सशक्तिकरण र खेलकुदको संस्थागत विकासका लागि निरन्तर कार्य गर्दै आएको छ । यसै सन्दर्भमा,**आर्थिक २०८२/८३** मा यस शाखाबाट सम्पादन गरिएका मुख्य-मुख्य शैक्षिक गतिविधिहरू,हासिल भएका उपलब्धिहरू, चुनौतीहरू र आगामी कार्यदिशा समेटेर यो **"वार्षिक शैक्षिक स्थिति प्रतिवेदन"** प्रकाशन गर्न पाउँदा हामीलाई अत्यन्त खुसी लागेको छ । यो वर्ष हामीले विद्यालयहरूको भौतिक पूर्वाधार सुधार, सूचना प्रविधिको प्रयोग र शिक्षकहरूको क्षमता विकासमा विशेष जोड दिएका छौँ। विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई शिक्षाको मूल प्रवाहमा ल्याउन सञ्चालित अभियान, दिवा खाजा कार्यक्रम, र छात्रामैत्री शौचालय तथा सेनेटरी प्याडको व्यवस्थापनले विद्यार्थीको टिकाउ दरमा सकारात्मक प्रभाव पारेको छ । यसका साथै, युवाहरूको नेतृत्व विकास र पालिका स्तरीय खेलकुद प्रतियोगिताहरू (जस्तै: अध्यक्ष कप/ राष्ट्रपति रनिङ शिल्ड) मार्फत खेल क्षेत्रको प्रवर्द्धनमा समेत महत्त्वपूर्ण कामहरू भएका छन् । तथापि, अपेक्षाकृत रूपमा सामुदायिक विद्यालयहरूको सिकाइ उपलब्धि सुधार गर्नु, दरबन्दी मिलानलाई पूर्णता दिनु, र प्रविधिमैत्री शिक्षणलाई सबै विद्यालयमा विस्तार गर्नु हाम्रा सामु अझै पनि मुख्य चुनौतीका रूपमा रहेका छन् । आगामी दिनमा यी चुनौतीहरूलाई चिर्दै शैक्षिक सुशासन कायम गर्न शाखा प्रतिबद्ध छ ।


बजेट तथा कार्यक्रम विकासको एक माध्यम हो । बजेटकै आधारमा विभिन्न कार्यक्रम सञ्चालन गरी अपेक्षित नतिजा हासिल गरिन्छ । यस पक्षलाई दृष्टिगत गर्दै नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय हुँदै शिक्षा तथा मानव स्रोत विकास केन्द्रले बजेट तथा कार्यक्रममलाई कार्यान्वयमा सहजता र व्यावहारिक, समयसापेक्ष, गुणस्तरीय र नतिजामूखी बनाउने उद्देश्यले शिक्षा तथा मानव स्रोत विकास केन्द्रले बजेट तथा कार्यक्रमलाई सहजता र एकरूपता ल्याउन कार्यक्रम कार्यान्वय कार्यविधिलाई निरन्तरता दिँदै आएको छ । देशका ७५३ स्थानीय तहमध्ये कर्णाली प्रदेश अन्तर्गत पर्ने ७९ वटा स्थानीय तहमध्ये सिमकोट गाउँपालिका हुम्ला एक हो । सिमकोट गाउँपालिकाको **शिक्षा,युवा तथा खेलकुद शाखा** हुम्लाको **आ.व. २०८२/०८३** को वार्षिक कार्यक्रमहरूको विभिन्न विवरण तयार गरी यो वार्षिक शैक्षिक स्थिति प्रतिवेदन तयार पारिएको हो ।

अन्तमा, यो प्रतिवेदन तयार पार्नका लागि आवश्यक तथ्यांक र विवरण उपलब्ध गराई सहयोग गर्नुहुने सम्पूर्ण विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी धन्यवादका पात्र हुनुहुन्छ । साथै, शाखाका नीति तथा कार्यक्रमहरूलाई सफल बनाउन निरन्तर मार्गदर्शन प्रदान गर्नुहुने आदरणीय जनप्रतिनिधिज्यूहरू, प्रमुख प्रशासकीय अधिकृतज्यू ,लेखा अधिकृतज्यू र सम्पूर्ण सरोकारवालाहरू प्रति हार्दिक आभार प्रकट गर्दछौँ । यस प्रतिवेदनले पालिकाको शैक्षिक अवस्थाको वास्तविक चित्र प्रस्तुत गर्दै आगामी दिनमा उत्कृष्ट नीति तथा योजना तर्जुमा गर्न महत्त्वपूर्ण मार्गनिर्देशन गर्नेछ भन्ने विश्वास लिएका छौँ ।

कृष्ण प्रसाद आचार्य
शिक्षा अधिकृत
शिक्षा,युवा तथा खेलकुद शाखा
सिमकोट गाउँपालिका, हुम्ला

## सिमकोट गाउँपालिकाको एक चिनारीः-

नेपालको कर्णाली प्रदेश अन्तर्गत पर्ने हुम्ला जिल्लाको उत्तर पश्चिम भगमा सिमकोट गाउँपालिका अवस्थित रहेको छ । नेपालको संविधान धारा २९५ को उपधारा (३) बमोजिम कायम भएका स्थानीयय तहहरुमध्ये सिमकोट गाउँपालिका पनि एक हो । यस गाउँपालिकाको पूर्व र दक्षिणमा खार्पुनाथ गाँउपालिका,पश्चिम र उत्तरमा नाम्खा गाउँपालिका,रहेको छन् । साविकका ५ गा.वि.स. सिमकोट, वरगाउँ, ठेहे, डाँडाफया,स्याँडा मिलेर बनेको यस गाउँपालिकामा ८ आठ वडाहरु रहेका छन् । राष्ट्रिय जनगणन २०७८ अनुसार यस गाउँपालिकाको जनसंख्या ११९३५ रहेको छ भने कुल मतदात ६६३२ जना रहेका छन् । सुन्दर प्र ाकृतिक वनोट ,जैविक विविधताले भरिपूर्ण र विविधतापूर्ण जातिय पहिचान रहेको यस गाउँपालिकाको क्षेत्रफल ७८ .८९.वर्ग किलोमिटर रहेको छ । स्थानीय तह गठन पछिको दोस्रो निर्वाचन सम्पन्न भई स्थायी र अस्थायी कार्यलयहरुमा निर्वाचित जनप्रतिनिधी र कर्मचारीहरुबाट प्रभावकारी सेवा प्रवाह भइरहेको छ । सदरमुकाममा अवस्थित यस गाउँपालिकाले प्रविधिमैत्री सेवामा जोड दिई छिटो र छरितो सेवा प्रदान गरिरहेको छ । नयाँ संविधान जारी भए पश्चात् संघीय संरचना अनुसार ७५३ स्थानीय तहमध्ये भौगोलिक हिसाबले सबै भन्दा ठूलो सम्भावनाका खानीले भरीपूर्ण तर विकासले पछि परेको गाउँपालिका हो । राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको साक्षरता ७६.२ रहेको छ भने सिमकोट गाउँपालिकाको कुल साक्षरता ६३.४१ रहेको छ ।



# परिच्छेद – १ प्रतिवेदनको परिचय

**१.१ पृष्ठभूमि:** शिक्षा मानव जीवनको ज्योति र राष्ट्र विकासको मेरुदण्ड हो। नेपालको संविधानले शिक्षालाई मौलिक हकको रूपमा सुनिश्चित गर्दै आधारभूत तह (कक्षा १–८) सम्मको शिक्षालाई अनिवार्य र निःशुल्क तथा माध्यमिक तह (कक्षा ९–१२) सम्मको शिक्षालाई निःशुल्क पाउने हकको ग्यारेन्टी गरेको छ। राज्यको पुर्नसंरचनासँगै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले आधारभूत र माध्यमिक शिक्षाको व्यवस्थापन, नियमन, र विकासको पूर्ण जिम्मेवारी स्थानीय तहलाई सुम्पेको छ। यस अर्थमा, नागरिकको घरदैलोमा गुणस्तरीय र व्यावहारिक शिक्षा पुऱ्याउने मुख्य दायित्व स्थानीय सरकारको काँधमा आएको छ। शिक्षा क्षेत्रमा लगानी बढाउनु मात्र पर्याप्त हुँदैन, त्यसको प्रतिफल कस्तो आयो भनी लेखाजोखा गर्नु पनि उत्तिकै आवश्यक हुन्छ। विद्यालयहरूको वर्तमान शैक्षिक अवस्था, भौतिक पूर्वाधार, विद्यार्थीको भर्ना तथा टिकाउ दर, र सिकाइ उपलब्धिको वास्तविक समीक्षा गर्न यो प्रतिवेदन तयार पारिएको हो। यस **सिमकोट गाउँपालिका**ले "**सिमकोट गाउँपालिकाको आधारः गुणस्तरीय शिक्षा, र शैक्षिक पूर्वाधार** " भन्ने मूल मर्मलाई आत्मसाथ गर्दै शिक्षा, युवा तथा खेलकुद शाखा मार्फत विभिन्न नीति, कार्यक्रम र बजेट परिचालन गर्दै आएको छ। यो प्रतिवेदन विगतका प्रयासहरूको ऐना र आगामी दिनमा लिइने रणनीतिको मार्गचित्र हो। यस पालिकाको समग्र शैक्षिक विकास, युवा सरोकारका विषय र खेलकुद क्षेत्रको प्रवर्द्धन गर्ने उद्देश्यका साथ **"शिक्षा, युवा तथा खेलकुद शाखा"** क्रियाशील रहँदै आएको छ। यस शाखाले पालिकाभित्र सञ्चालित सामुदायिक, संस्थागत विद्यालयहरूको नियमन, पाठ्यक्रम समन्वय, परीक्षा सञ्चालन (विशेष गरी कक्षा ८ को गाउँपालिका स्तरीय परीक्षा), शिक्षक व्यवस्थापन, र छात्रवृत्ति वितरण जस्ता कार्यहरू सम्पादन गर्दछ। यसका साथै युवाहरूको नेतृत्व विकास र खेलकुदको माध्यमबाट पालिकाको पहिचान उच्च बनाउन विभिन्न खेलकुद प्रतियोगिताहरू (जस्तै: अध्यक्ष कप र राष्ट्रपति रनिङ शिल्ड) आयोजना र समन्वय गर्ने कार्य यसै शाखाको क्षेत्राधिकार भित्र पर्दछ।

नेपाल सरकार र सिमकोट गाउँपालिकाबाट,शिक्षा,युवा तथा खेलकुद शाखालाई आव. २०८२।०८३ मा प्राप्त बजेटलाई भौगोलिक बिकटताको अभावका बाबजुत पनि कार्यक्रम गर्ने प्रयास गरियो। विभिन्न शीर्षकमा प्राप्त रकमलाई भौगोलिक बिकटताले गर्दा कार्यक्रम सञ्चालन गर्न निकै कठिनाईँ भएकोले आगामी आ.व.का कार्यक्रमहरूमा भौगोलिक बिकटतालाई मध्यनजर गरी बजेट बढाएर पठाउँदा कार्यक्रम सञ्चालन गर्न सहज हुने थियो। जसले गर्दा सिमकोट गाउँपालिको शैक्षिक गुणस्तर सुधार हुने थियो ।

**१.२. शैक्षिक अवस्था:** हुम्ला जिल्लामा रहेका सात वटा स्थानीय तहहरु मध्ये सिमकोट गाउँपालिका साक्षर पालिका घोषण भई सकेको छ। राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार सिमकोट गाउँपालिकाको कुल जनसंख्या ११९३५ रहेकोमा महिला ५७.१५ र पुरुष ७५.४८ कुल साक्षरता दर ६३.४१ प्रतिशत रेहेको छ।

**तालिका नं. १ विद्यालय विवरण शैक्षिक सत्रः २०८२**

| क्र.सं | स्थानीय तह | सामुदायिक | संस्थागत | सा.सि.केन्द्र | बालबिकास | पुस्तकालय | क्याम्पस | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| २ | सिमकोट गा.पा. | २० | ४ | ४ | ३२ | ८ | १ | |
| **जम्मा** | | **२०** | **४** | **४** | **३२** | **८** | **१** | |

*स्रोतः IEMIS-2082*

## तालिका नं.२ शिक्षक विद्यार्थी विवरण शैक्षिक सत्रः २०८२

| क्र.सं. | विवरण | विद्यार्थी संख्या | शिक्षक संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | बालविकास तथा शिक्षा | ९४९ | ३२ | |
| २ | आधारभूत तह (१-५) | १७८७ | ७३ | |
| ३ | आधारभूत तह (६-८) | ८५५ | ३८ | |
| ४ | माध्यमिक तह (९-१०) | ५१३ | २९ | |
| ५ | माध्यमिक तह (११-१२) | १६६ | ११ | |
| ६ | विद्यालय कर्मचारी (का.स.) | - | २३ | |
| ७ | विद्यालय कर्मचारी (लेखापाल) | - | ७ | |
| ८ | CLC परिचालक | - | ४ | |
| **जम्मा** | | **४२७० जना** | **२१७ जना** | |

**स्रोतः IEMIS-2082**

## तालिका नं.३ सिमकोट गाउँपालिकाको स्वीकृत शिक्षक दरबन्दीः-

| क्र.सं | स्थानीय तह | आधारभूत तह (कक्षा १-५) | | | आधारभूत तह (कक्षा ६-८) | | | माध्यमिक तह (कक्षा ९-१०) | | | माध्यमिक तह (कक्षा ११-१२) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दरबन्दी | राहत | जम्मा | दरबन्दी | राहत | जम्मा | दरबन्दी | राहत | जम्मा | जम्मा | |
| २ | सिमकोट गाउँपालिका | ६९ | ४ | **७३** | २३ | ५ | **२८** | ६ | ७ | **१३** | ४ | |
| **जम्मा** | | **६९** | **४** | **७३** | **२३** | **५** | **२८** | **६** | **७** | **१३** | **४** | |

**स्रोतः IEMIS-2082**

**१.३ शाखाको संरचना तथा जनशक्ति व्यवस्थापनको अवस्थाः** शिक्षा,युवा तथा खेलकुद शाखाको संरचना तथा जनशक्ति व्यवस्थापन देहाय बमोजिम रहेको छ ।

**स्वीकृत दरबन्दी तेरीजः**

शिक्षा,युवा तथा खेलकुद शाखा प्रमुख (१)
वरिष्ठ शिक्षा अधिकृत (सातौं)

शिक्षा अधिकृत (छैटौं)
(१)

## हाल कार्यरत जनशक्तिः

| क्र.सं. | नाम थर | पद | ठेगाना | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | बर्ष बहादुर फडेरा कार्की | वरिष्ठ शिक्षा अधिकृत सातौं | सर्केगाड गाउँपालिका, हुम्ला | ९८४८३०४८८५ | |
| २ | कृष्ण प्रसाद आचार्य | शिक्षा अधिकृत | भैरबी गाउँपालिका -३, दैलेख | ९८५८०५१५३९ | |
| ३ | हिरा बोहरा रोकाया | कार्यालय सहयोगी | सिमकोट गाउँपालिका, हुम्ला | ९८६८३११३३० | |

**१.४ स्थिति प्रतिवेदनको उद्देश्यः-** यस वार्षिक शैक्षिक स्थिति प्रतिवेदन तयार पार्नुका मुख्य उद्देश्यहरू निम्न बमोजिम रहेका छन्:

- पालिकाभित्रको शैक्षिक, युवा तथा खेलकुद क्षेत्रको वार्षिक गतिविधि र प्राप्त उपलब्धिहरूको एकीकृत अभिलेखीकरण गर्ने ।
- सामुदायिक र संस्थागत विद्यालयहरूको भौतिक, आर्थिक, र शैक्षिक अवस्थाको वस्तुनिष्ठ विश्लेषण गर्ने
- विद्यार्थीहरूको सिकाइ उपलब्धि र परीक्षाको नतिजा (BLE, SEE आदि) को मूल्यांकन गरी शैक्षिक गुणस्तरको अवस्था पहिचान गर्ने ।
- शिक्षा क्षेत्रमा रहेका दरबन्दी अभाव, ड्रपआउट (बिचमै पढाइ छाड्ने), र भौतिक पूर्वाधारका चुनौतीहरूलाई उजागर गर्ने ।
- आगामी आर्थिक वर्षको नीति,कार्यक्रम, बजेट तर्जुमा र शैक्षिक योजना निर्माणका लागि सरोकारवालाहरूलाई ठोस सुझाव र मार्गनिर्देशन प्रदान गर्ने / आ.व.२०८२।०८३ को प्रगतिबारे जानकारी थाहा पाउनु ,विद्यालयको शैक्षिक प्रगति पत्ता लगाउनु, शैक्षिक समस्या, चुनौती तथा समाधानका उपाय पत्ता लगाउनु र कार्यक्रम कार्यान्वयनमा देखिएका समस्याबारे पत्ता लगाई समस्या समाधानमा सुझाव दिनु।

**१.५ तथ्याङ्क/सूचनाका स्रोतहरूः** यो वार्षिक स्थिति प्रतिवेदन तयार गर्दा प्राथमिक तथा द्धितीय स्रोतहरूको प्रयोग गरिएको थियो । जस्तै एकीकृत शैक्षिक व्यवस्थापन प्रणाली (IEMIS), सामाजिक विकास कार्यालय शैक्षिक प्रोफाइल सिमकोट गाउँपालिका, विभिन्न समयमा भएका विद्यालय अनुगमन तथा सुपरीवेक्षणका प्रतिवेदन, कार्यक्रम कार्यान्वयन कार्यविधिहरु, विद्यालय सुधार योजना निर्माण सहयोगी पुस्तिका, शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि जस्ता स्रोत सामग्रीको प्रयोग गरि सूचना तथा तथ्याङ्क तयार पारिएको हो ।

## परिच्छेद–२ कार्यक्रम कार्यान्वयनको भौतिक तथा वित्तीय प्रगति

**२.१. शाखाको समग्र बजेटको अवस्था:** शिक्षा,युवा तथा खेलकुद शाखाको **आ.व.२०८२।०८३** को बजेट विवरणः

| क्र.सं. | चालु बजेट | पूँजीगत बजेट |
|---|---|---|
| १ | १६,९२,२३०००। | ८१,००,०००। |

**२.२. शाखाको समग्र बजेटको खर्चको स्थिति:** शिक्षा,युवा तथा खेलकुदको बजेट **आ.व.२०८२।०८३** को खर्च विवरणः

| क्र.सं. | बजेट शीर्षक | जम्मा बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु बजेट | १६,९२,२३०००। | १६,०६,३२,६४३/५५ | ९४.९२ % |
| २ | पूँजीगत बजेट | ८१,००,०००। | ८०,६९,७९१। | ९९.६२ % |
| **कुल जम्मा** | | **१७,७३,२३०००।** | **१६,८७,०२४३४/५५** | **९५.१३ %** |

**२.३ मुख्य समस्या तथा चुनौती:** यस पालिकाको शैक्षिक गुणस्तर सुधार, युवा सरोकार र खेलकुद क्षेत्रको विकासका लागि विभिन्न प्रयासहरू भए तापनि नीतिगत, संरचनागत र व्यावहारिक रूपमा अझै पनि थुप्रै समस्या तथा चुनौतीहरू विद्यमान छन् । शाखाको कार्यसम्पादन र विद्यालय अनुगमनका क्रममा देखिएका मुख्य समस्या र चुनौतीहरूलाई निम्न बमोजिम वर्गीकरण गरी प्रस्तुत गरिएको छ: **१. शैक्षिक तथा सिकाइगत समस्याहरू:**

- **सिकाइ उपलब्धिमा कमी:** सामुदायिक विद्यालयहरूमा पर्याप्त लगानी भए तापनि विद्यार्थीहरूको जग (आधारभूत तह) कमजोर हुँदा माथिल्लो कक्षा र राष्ट्रिय परीक्षाहरूमा (SEE र कक्षा १२) अपेक्षित सिकाइ उपलब्धि हाँसिल हुन सकेको छैन ।
- **अङ्ग्रेजी र गणित विषयमा कमजोर नतिजा:** सामुदायिक विद्यालयहरूमा अझै पनि गणित, विज्ञान र अंग्रेजी विषयका विषयगत दक्ष शिक्षकहरूको कमी हुनु र यी विषयहरूमा विद्यार्थीहरूको अनुत्तीर्ण दर उच्च रहनु
- **बिचमै पढाइ छाड्ने दर (Drop-out):** विशेष गरी गरिब, विपन्न, दलित र सीमान्तकृत समुदायका बालबालिकाहरू घरायसी आर्थिक अवस्था र चेतनाको कमीका कारण माध्यमिक तह नपुग्दै विद्यालय छाड्ने गरेको पाइएको छ । **२. व्यवस्थापकीय तथा भौतिक चुनौतीहरू:**
- **दरबन्दी मिलानमा जटिलता:** भौगोलिक अवस्था र विद्यालयमा विद्यार्थी संख्याको अनुपातका आधारमा शिक्षक दरबन्दी मिलान (Teacher Redistribution) गर्न राजनीतिक तथा सामाजिक दबाबका कारण व्यावहारिक रूपमा जटिल हुनु ।
- **भौतिक पूर्वाधारको अभाव:** कतिपय दुर्गम क्षेत्रका विद्यालयहरूमा अझै पनि पर्याप्त कक्षाकोठा, खेलकुद मैदान, सुरक्षित घेराबार, र आधुनिक पुस्तकालयको अभाव रहनु ।
- **प्रविधि र ल्यावको पूर्ण उपयोग हुन नसक्नु:** पालिकाले कतिपय विद्यालयमा कम्प्युटर र आईसीटी (ICT) ल्याव स्थापना गरे तापनि बिजुलीको अनियमितता, इन्टरनेटको धिमो गति र दक्ष जनशक्तिको अभावका कारण त्यसको पूर्ण उपयोग हुन सकेको छैन ।

**३. युवा तथा खेलकुद क्षेत्रका चुनौतीहरू:**

- **सीमित बजेट र पूर्वाधार:** खेलकुद र युवा लक्षित कार्यक्रमका लागि पर्याप्त बजेट विनियोजन हुन नसक्दा प्रतिभावान खेलाडीहरू पहिचान भए तापनि उनीहरूलाई निरन्तर प्रशिक्षण र उचित खेल मैदानको व्यवस्था गर्न कठिन भएको छ।
- **युवा पलायन:** पालिकाभित्र रोजगारी र उद्यमशीलताका पर्याप्त अवसरहरू नहुँदा कक्षा १२ को परीक्षा लगत्तै ठूलो संख्यामा युवाहरू वैदेशिक रोजगारी वा उच्च शिक्षाका लागि सहर तथा विदेश पलायन हुनु। **४. मुख्य सिकाइहरू (Key Learnings)** १. भौतिक पूर्वाधार (भवन निर्माण) मा मात्र केन्द्रित हुनु भन्दा शिक्षकको क्षमता विकास र कक्षाकोठाभित्रको सिकाइ वातावरण सुधार्नु नै शैक्षिक गुणस्तर बढाउने उत्तम उपाय हो। २. विद्यालय व्यवस्थापन समिति (SMC) र अभिभावकहरू विद्यालयको गतिविधिमा सक्रिय नभएसम्म सामुदायिक विद्यालयको नतिजा सुधार गर्न सम्भव छैन। सारःविद्यालय तथा कार्यक्रम अनुगमनका लागि समस्या,दुर्गम क्षेत्र भएकाले नम्स अनुसार कार्यक्रम सञ्चालन गर्न निकै कठिनाई, भौगोलिक विकटताको दुरताले गर्दा प्राप्त कार्यक्रम कार्यान्वयन गर्न कठिनाई, जनशक्ति अभावले गर्दा विद्यालय शैक्षिक क्षेत्र अनुगमन तथा सुपरीवेक्षण गर्न नसकिएको,प्राप्त कार्यक्रम गर्दा भौगोलिक बिकटताले सबैलाई समेट नसकिएको, प्राप्त कार्यक्रममा बजेट निकै कम भएकाले कार्यक्रम सञ्चालन गर्न नसकिएको।

२.४ **सुधारका उपाय :-** यस पालिकाको शैक्षिक गुणस्तर सुधार गर्न, युवाहरूलाई उत्पादनसँग जोड्न र खेलकुद क्षेत्रलाई थप व्यवस्थित बनाउन आगामी दिनमा चाल्नुपर्ने मुख्य-मुख्य सुधारका उपायहरू निम्न बमोजिम रहेका छन्: १. **शैक्षिक गुणस्तर तथा सिकाइ सुधारका उपायहरू:**

- **प्रारम्भिक बालविकास (ECED) मा लगानी:** बालबालिकाहरूको सिकाइको जग बलियो बनाउन बालविकास केन्द्रहरूमा खेल सामग्री, पर्याप्त भौतिक पूर्वाधार र सहयोगी कार्यकर्ताहरूलाई विशेष सिकाइ तालिमको व्यवस्था गर्ने।
- **विशेष कक्षा र उपचारात्मक शिक्षण (Remedial Classes):** गणित, विज्ञान र अंग्रेजी विषयमा कमजोर रहेका विद्यार्थीहरूका लागि परीक्षा अगाडि वा विद्यालय समयबाहेक विशेष कक्षा सञ्चालन गर्ने
- **नतिजाका आधारमा प्रोत्साहन:** उत्कृष्ट नतिजा ल्याउने विद्यालय,प्रधानाध्यापक र विषयगत शिक्षकहरूलाई पुरस्कार तथा सम्मान गर्ने र कमजोर नतिजा ल्याउने विद्यालयलाई जवाफदेही बनाउने।

**२. व्यवस्थापकीय तथा संस्थागत सुधारहरू:**

- **वैज्ञानिक शिक्षक दरबन्दी मिलान:** विद्यार्थी संख्या न्यून भएका विद्यालयहरूलाई एकापसमा गाभ्ने (Merging) र शिक्षक बढी भएका विद्यालयबाट शिक्षक अभाव भएका विद्यालयमा तुरुन्तै दरबन्दी मिलान गर्ने।
- **नियमित अनुगमन र सुपरिवेक्षण:** शिक्षा,युवा तथा खेलकुद शाखा,गाउँ शिक्षा समितिका पदाधिकारी र जनप्रतिनिधिहरूको संयुक्त टोलीबाट विद्यालयको प्रशासनिक र शैक्षिक गतिविधिको आकस्मिक तथा नियमित अनुगमन गरी "**कार्यसम्पादनमा आधारित**" मूल्यांकन प्रणाली लागु गर्ने।
- **अभिभावक सचेतना कार्यक्रम:** विद्यार्थीहरूको विद्यालयमा नियमित उपस्थिति गराउन र बिचमै पढाइ छाड्ने (Drop-out) दर रोक्न अभिभावकहरूसँग नियमित अन्तर्क्रिया र सचेतना कार्यक्रम सञ्चालन गर्ने।

### ३ .भौतिक तथा प्राविधिक सुधारहरूः

- **आईसीटी (ICT) ल्यावको पूर्ण सञ्चालन:** विद्यालयमा रहेका कम्प्युटर र प्रविधिको सही सदुपयोग सुनिश्चित गर्न शिक्षकहरूलाई अनिवार्य रूपमा डिजिटल शिक्षण सम्बन्धी तालिम दिने र इन्टरनेटको निरन्तरता सुनिश्चित गर्ने।
- **छात्रा मैत्री वातावरण:** सबै विद्यालयमा सुरक्षित खानेपानी, सरसफाइ र छात्रा मैत्री शौचालयका साथै सेनेटरी प्याडको व्यवस्थापन र विसर्जन गर्ने मेसिन (Incinerator) को व्यवस्था गर्ने। **४ . युवा तथा खेलकुद क्षेत्रको सुधारः सीपमुलक तथा प्राविधिक शिक्षा:** कक्षा ११ र १२ मा अध्ययनरत युवाहरूलाई लक्षित गरी स्थानीय स्रोत र साधनमा आधारित छोटो अवधिको व्यावसायिक तालिम (जस्तै: लोकसेवा तयारी, प्लम्बिङ, इलेक्ट्रिक, कृषि उद्यमशीलता) सञ्चालन गर्ने **। खेलकुद पूर्वाधार र दीर्घकालीन प्रशिक्षण:** पालिका स्तरीय एउटा सुविधासम्पन्न रङ्गशाला वा खेल मैदान निर्माण गर्ने *अध्यक्ष कप* र राष्ट्रपति रनिङ शिल्ड जस्ता प्रतियोगितालाई केवल औपचारिकतामा मात्र सीमित नराखी उत्कृष्ट खेलाडीहरूलाई वर्षभरी नै प्रशिक्षणको व्यवस्था गर्ने **। सारमाः** विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि शाखालाई प्रशासनिक काममात्र व्यस्त हुने देखिएकाले विद्यालय अनुगमनको पाटो पनि समेटनु पर्ने, बजेट वितरण गर्दा भौगोललाई समेत अध्ययन गरी पठाउनु पर्ने, दरबन्दी संरचना थप गर्नु पर्ने, कार्यक्रम पठाउँदा विकटतालाई मध्यनजर गरी नम्स केही हेर्फेर गर्नु पर्ने, यथार्थवादी बजेट योजना बनाई कार्यान्वियन गर्ने, पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्नु पर्ने, कार्यक्रमको प्राथमिकता निर्धारण गर्नु पर्ने, कुशल साधन स्रोतको व्यवस्थापन गर्नु पर्ने, समय व्यवस्थापन गर्नु पर्ने, समयमै अनुगमन तथा मूल्याङ्कन गर्नु पर्ने र समस्या समाधानका लागि लचिलोपन हुने।

## परिच्छेद– ३ उपलब्धी तथा कार्यक्रम विस्तृत ीकरण

**सिमकोट एकिकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली कार्यान्वयनको अवस्था:** नेपाल सरकारको नीति अनुरुप विद्यालयहरूको समग्र तथ्यांकलाई डिजिटल प्रणालीमा आवद्ध गर्न यस सिमकोट गाउँपालिकामा **IEMIS (एकीकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली)** कार्यान्वयनमा ल्याइएको छ। विद्यालयको भौतिक, आर्थिक, शैक्षिक र मानव संसाधन (शिक्षक/विद्यार्थी) को वास्तविक विवरण प्राप्त गर्न यो प्रणाली महत्त्वपूर्ण माध्यम बनेको छ।

वर्तमान समयमा यस प्रणालीको कार्यान्वयन र उपयोगको अवस्थालाई निम्न बमोजिम विश्लेषण गरिएको छ।

**१. वर्तमान प्रगति र सकारात्मक पक्षहरूः**

- **१००% प्रोफाइल प्रविष्टि:** गाउँपालिकाभित्र सञ्चालित सम्पूर्ण सामुदायिक र संस्थागत विद्यालयहरूले IEMIS प्रणालीमा आफ्नो विद्यालयको कोड दर्ता गरी आधारभूत विवरण अपडेट गरेका छन्।
- **विद्यार्थी र शिक्षकको अनलाइन अभिलेख:** शैक्षिक सत्रको सुरुमै विद्यार्थीहरूको अनलाइन भर्ना (Enrollment) र शिक्षकहरूको व्यक्तिगत विवरण (Teacher Profile) डिजिटल माध्यमबाटै लिने कार्यको सुरुवात भएको छ।
- **बजेट तथा छात्रवृत्तिसँग आबद्धता:** विद्यालयहरूले पाउने दिवा खाजा, छात्रा र विपन्न वर्गको छात्रवृत्ति, तथा विद्यालय सञ्चालन अनुदानलाई IEMIS को वास्तविक विद्यार्थी संख्या (Headcount) सँग जोडिएकाले बजेट वितरणमा पारदर्शिता आएको छ।

**२. कार्यान्वयनमा देखिएका मुख्य समस्या तथा चुनौतीहरू:**

- **इन्टरनेट र भौगोलिक विकटता:** सिमकोटको भौगोलिक अवस्थितिका कारण कतिपय दुर्गम क्षेत्रका विद्यालयहरूमा भरपर्दो इन्टरनेट सेवा नहुँदा समयमै (Real-time) तथ्यांक प्रविष्टि (Data Entry) र अपडेट गर्न कठिनाइ भएको छ।
- **दक्ष जनशक्तिको अभाव:** कतिपय विद्यालयका प्रधानाध्यापक वा कम्प्युटर शिक्षकहरूमा IEMIS सफ्टवेयर र यसका नयाँ सुविधाहरू (Features) सम्बन्धी प्राविधिक ज्ञानको कमी हुनु।
- **तथ्यांकको शुद्धता (Data Accuracy) मा प्रश्न:** विद्यालयहरूले हतारमा वा पर्याप्त रुजु नगरी तथ्यांक प्रविष्टि गर्दा कहिलेकाहीँ विद्यार्थीको जन्ममिति, भर्ना संख्या र छात्रवृत्तिको विवरणमा त्रुटिहरू देखिने गरेको छ।
- **विद्युतको अनियमितता:** विद्युत आपूर्ति नियमित नहुँदा अनलाइन प्रणालीको सञ्चालन र व्यवस्थापनमा बाधा पुग्ने गरेको छ।

**३. सुधारका लागि आगामी रणनीति तथा उपायहरू:**

- **क्षमता विकास तालिम:** पालिकाका सम्पूर्ण विद्यालयका प्र.अ. तथा तथ्यांक हेर्ने शिक्षकहरूका लागि IEMIS सञ्चालन सम्बन्धी विशेष व्यावहारिक (Hands-on) तालिम आयोजना गर्ने।
- **डाटा रुजु (Data Verification) संयन्त्र:** विद्यालयले प्रविष्टि गरेको तथ्यांकलाई शिक्षा,युवा तथा खेलकुद शाखाबाट अनिवार्य रूपमा भौतिक रूपमै रुजु गरेर मात्र "अनुकूलन" (Approve) गर्ने व्यवस्था मिलाउने।
- **अफलाइन मोडको उपयोग:** इन्टरनेट नभएका विद्यालयहरूका लागि 'IEMIS Offline Excel Template' मा विवरण भरेर पालिकामा ल्याई अनलाइनमा अपलोड गर्ने कार्यलाई थप व्यवस्थित बनाउने
- **आईसीटी पूर्वाधारमा जोड:** विद्यालयहरूलाई कम्प्युटर र इन्टरनेटको पहुँच विस्तारका लागि पालिकाको तर्फबाट प्राविधिक अनुदान सहयोग उपलब्ध गराउने। नेपाल सरकार र सिमकोट गाउँपालिका मार्फत शिक्षा,युवा तथा खेलकुदलाई प्राप्त बजेट तथा कार्यक्रम अनुसार शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट तयार भएको कार्यक्रम कार्यानव्यन **कार्यविधि,२०८२।०८३** अनुसार गाउँपालिकालाई प्राप्त एकीकृत शैक्षिक व्यवस्थापन प्रणाली (IEMIS) विद्यालयस्तरमा सञ्चालन गरी शिक्षा तथा मानस स्रोत विकास केन्द्रले शैक्षिक सत्र २०८३ सालको शैक्षिक तथ्याङ्क भर्न दिइएको निर्धारित समयमा नै सामुदायिक तथा संस्थागत विद्यालयहरूले शैक्षिक तथ्याङ्क भरेका भौगोलिक बिकटता ई-मेल इन्टरनेटको सहज पहुँच नभएको तथा समय समयमा परिवर्तन भई रहेको IEMIS Software को अवस्थामा पनि सबै विद्यालयहरुले IEMIS समयमै अध्यावधिक गरी एकीकृत शैक्षिक व्यवस्थापन प्रणालीको कार्यान्वयनको अवस्था उत्कृष्ट कार्य सम्पादन भएको छ।

**१.शिक्षक दरबन्दी मिलानको अवस्था:-** नेपाल सरकारको शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन सम्बन्धी निर्देशिका,२०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को मर्म अनुरूप सिमकोट गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरूमा विद्यार्थी संख्या र भौगोलिक अवस्थितिका आधारमा शिक्षकहरूको न्यायोचित व्यवस्थापन गर्न शिक्षा,युवा तथा खेलकुद शाखाले कार्य अगाडि बढाएको छ यस गाउँपालिकाको दरबन्दी मिलानको वर्तमान अवस्था, चुनौती र आगामी कार्यदिशा निम्न बमोजिम रहेको छ:

## १. वर्तमान स्थिति (Current Status):

- **तथ्यांक संकलन र विश्लेषण:** गाउँपालिकाले पालिकाभित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरूको विद्यार्थी संख्या (IEMIS डाटाका आधारमा) र कार्यरत शिक्षकहरूको (स्थायी, राहत, स्थानीय स्रोत, स्वयंसेवक) विवरण एकीकृत गरी **विद्यार्थी-शिक्षक अनुपात (STR - Student-Teacher Ratio)** को लेखाजोखा गरी तपसिल बमोजिमका विद्यालयहरुमाहरुमा दरबन्दी मिलान तथा समायोजन गरिएको अवस्था छ ।
    १. श्री हिमाली बहिरा बौद्धिक अपाङग आवासीय विद्यालय सिमकोट-५ दरबन्दी मिलान
    २. श्री दोभान आधारभूत विद्यालय सिमकोट-७ दरबन्दी मिलान
    ३. श्री सिद्धार्थ आधारभूत विद्यालय सिमकोट-४ विद्यालय समायोजन (मानसरोवर मा.वि.)
    ४. श्री रामदेव मा.वि.सिमकोट-२ कक्षा समायोजन (पञ्चमुखी हिमाल आ.वि. कक्षा-१-५)
- **सुगमबाट दुर्गममा स्थानान्तरण:** सिमकोट बजार र आसपासका सुगम क्षेत्रका विद्यालयहरूमा आवश्यकता भन्दा बढी (दरबन्दी बढी भएका) शिक्षकहरू केन्द्रित हुने र दुर्गम तथा विकट वडाका विद्यालयहरू शिक्षकविहीन हुने अवस्थालाई अन्त्य गर्न केही शिक्षकहरूलाई दरबन्दी सहित वा काजमा दुर्गमका विद्यालयहरूमा पठाउने कार्यको थालनी गरिएको छ।
- **तहगत मिलान:** आधारभूत तह (कक्षा-१-५) मा बढी भएका दरबन्दीहरूलाई आवश्यकता अनुसार आधारभूत तह (कक्षा ६-८) मा र माध्यमिक तहमा रूपान्तरण वा मिलान गर्ने नीतिगत प्रक्रिया अगाडि बढाइएको छ ।

## २. दरबन्दी मिलानमा देखिएका समस्या तथा चुनौतीहरू:

- **भौगोलिक विकटता र कठिनाइ:** हुम्लाको भौगोलिक बनावट अत्यन्तै जटिल र विकट भएका कारण एउटा वडाबाट अर्को वडा वा एउटा गाउँबाट अर्को गाउँको विद्यालयमा जान पैदल नै हिँड्नुपर्ने हुँदा शिक्षकहरू दुर्गम क्षेत्रका विद्यालयमा जान अनिच्छुक देखिनु ।
- **विषयगत शिक्षकको चरम अभाव:** माध्यमिक (९-१०) र माध्यमिक (११-१२) तहमा गणित, विज्ञान र अङ्ग्रेजी विषयका स्वीकृत दरबन्दीहरू एकदमै न्यून हुनु र दुर्गमका विद्यालयहरूमा यी विषयका शिक्षक पुऱ्याउन कठिन हुनु ।
- **राजनीतिक तथा सामाजिक दबाब:** शिक्षक सरुवा वा दरबन्दी मिलान गर्दा विद्यालय व्यवस्थापन समिति, अभिभावक र विभिन्न सरोकारवालाहरूबाट आउने स्थानीय दबाबका कारण निर्णय कार्यान्वयन गर्न व्यावहारिक रूपमा जटिल हुनु ।
- **शिशु कक्षा (ECED) र राहत कोटाको व्यवस्थापन:** बालविकास केन्द्रका सहयोगी कार्यकर्ता र राहत शिक्षकहरूको व्यवस्थापन तथा संघीय सरकारबाट दरबन्दी थप नहुँदा स्थानीय स्रोतमा ठूलो आर्थिक भार पर्नु ।

## ३. समस्या समाधानका लागि चालिएका आगामी कदमहरु:

- **विद्यार्थी संख्या न्यून भएका विद्यालयको समायोजन (Merging):** भौगोलिक पायक पर्ने र विद्यार्थी संख्या एकदमै कम भएका विद्यालयहरूलाई एकापसमा गाभ्ने र त्यहाँका शिक्षकहरूलाई शिक्षक अभाव भएका अन्य विद्यालयमा व्यवस्थापन गर्ने ।
- **पालिका अनुदान शिक्षक (Volunteer Teachers):** दरबन्दी नभएका तर विद्यार्थी संख्या धेरै भएका दुर्गमका विद्यालयहरूमा गाउँपालिकाको आन्तरिक स्रोतबाट "**पालिका अनुदान शिक्षक**" नियुक्त गरी पठनपाठनलाई निरन्तरता दिइएको छ ।
- **मापदण्डमा आधारित सरुवा प्रणाली:** आगामी शैक्षिक सत्रदेखि कार्यसम्पादन,अनुभव र कार्यअवधिका आधारमा कसैलाई मर्का नपर्ने गरी वैज्ञानिक र पारदर्शी ढंगले मात्र दरबन्दी मिलान कार्यलाई पूर्णता दिने नीति लिइनेछ । सिमकोट

गाउँपालिकाको भौगोलिक विशिष्टताका कारण दरबन्दी मिलान कार्य चुनौतीपूर्ण भए तापनि "**सबै बालबालिकाले शिक्षक पाउनुपर्ने**" अधिकारलाई सुनिश्चित गर्न शिक्षा,युवा तथा खेलकुद शाखाले निरन्तर प्रयास गरिरहेको छ। आगामी वर्ष यस कार्यलाई थप दृढताका साथ अगाडि बढाइनेछ। शिक्षक विद्यार्थी अनुपात नमिलेको अवस्थामा पनि भौगोलिक विकटताका कारणले विद्यार्थी विद्यालय समयोजन तथा दरबन्दी मिलानमा अफ्ट्यारो रहेको छ। सिमकोट गाउँपालिकाले शिक्षक दरबन्दी मिलानको कार्यलाई व्यवस्थित र पारर्दिश तरिकाले अगाडि बढाइरहेको अवस्थामा छ।

## परिच्छेद–४ समन्वय, सहकार्य असल अभ्यास एवम् नवप्रवर्तन

**४.१ अन्य संस्थासँगको साझेदारीमा सञ्चालित कार्यक्रम:-**सिमकोट गाउँपालिकामा शिक्षा क्षेत्रमा कार्यगर्ने संघ-संस्थाहरू विद्यालय तथा अन्य सरकारी संघ-संस्थाको समन्वय, सहकार्यमा विद्यालय सुधार योजना, पाठयोजना, वार्षिक कार्ययोजना, एकीकृत शैक्षिक व्यवस्थापन प्रणाली, प्रअ नेतृत्व क्षमता, बालक्लब गठन, विभिन्न अतिरिक्त क्रियाकलाप सञ्चालन, विद्यालयको भौतिक व्यवस्थापन, शिक्षक तालिम, बालबिकास सहजकर्ता तालिम, शैक्षिक सामग्री निर्माण, वितरण, गुनासो सुनुवाई, शैक्षिक बहस, गोष्ठि, स्थानीय पाठ्यपुस्तक निर्माण जस्ता विद्यालयको भौतिक तथा शैक्षिक गुणस्तर अभिवृद्धिमा प्रत्यक्ष रूपमा हातेमालो गर्दै संविधानले नै परिकल्पना गरेको सहकार्य, समन्वय र सह-अस्तित्वलाई आत्मसाथ गर्दै साझेदारीमा कार्यक्रमहरू नियमित सञ्चालन भई रहेका छन्।

**४.२. असल अभ्यास तथा नववर्पतनात्मक कार्यक्रमहरु:-** शैक्षिक सरोकारवाला सबैको उपस्थितिमा शैक्षिक सत्र २०८२ सालको आधारभूत शिक्षा परीक्षाको नतिजा विश्वलेषण गरियो। उक्त नतिजा विश्वलेषण पश्चात् गाउँपालिकाको शैक्षिक गुणस्तर सुधारका बारेमा छलफल गरी विद्यालय र शिक्षा क्षेत्रसँग कार्य गर्ने सरकारी तथा गैर-सरकारी संघ-संस्थाको समन्वय र सहकार्यमा सरोकारवालहरुको उपस्थितिमा पालिकास्तरीय शैक्षिक बहस सञ्चालन गर्नका लागि मस्यौदा समिति निर्माण गरी कार्य गरिरहका छौँ। स्थानीय पाठ्यपुस्तक हाम्रो सिमकोट (कक्षा ६-८) निर्माण भएको छ। गाउँ शिक्षा ऐन, नियमावली, जस्ता कानूनहरू समेत निर्माण भएको छ। शैक्षिक सुधारको कसकसको के कति भूमिका लागात विषयमा छलफल विद्यार्थी केन्द्रित सिकाइ, प्रविधिको प्रयोग, प्रायोगिक शिक्षा, मूल्याङ्कनमा विविधता, सामुदायिक सेवा कार्यक्रम, सूचना प्रविधि सम्बन्धी क्षमता विकास,एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणली र बालमैत्री शैक्षिक जस्ता कार्यक्रम सञ्चालन भएका छन्। यी अभ्यासहरू र कार्यक्रमहरू शिक्षामा नवीनता र सुधार महत्वपूर्ण छन्। जसले भविष्यमा सक्षम, जिम्मेवार र सृजनशील नागरिक उत्पादन गर्न मद्दत गर्दछन्।

**विद्यालय शिक्षा सम्बन्धी:-**

शिक्षा मानवीय सभ्यता र विकासको मूल स्रोत हो भने शिक्षा अर्जन गर्न पाउनु प्रत्येक नागरिकको नैसर्गिक अधिकार हो। शिक्षा अर्जन गर्ने वातावरण तयार गराउनु राज्यको प्रमुख दायित्व हो विद्यालय तहदेखि उच्च शिक्षाको भर्नामा केही लैङ्गिक समानता कायम भएको छ।

### सञ्चालन गर्नु पर्ने कार्यक्रम:

१. नीतिगत र संस्थागत सुधारलाई निरन्तरता प्रदान गर्ने।
२. भौतिक पूर्वाधार तथा शैक्षिक पूर्वाधारको व्यवस्थापन गर्ने।
३. शैक्षिक प्रणालीको सुदृढीकरण गरी कार्यान्वयन गर्ने।
४. गुणस्तरीय र समावेशी शिक्षाका लागि लगानी विस्तार गर्ने।

५. शैक्षिक सुशासन सुनिश्चित गर्ने।

६. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका कार्यक्रमहरुको विस्तार गर्ने।

**शैक्षिक विकासमा देखिएका चुनौतिहरू:**

प्राप्त स्रोत र साधनलाई अधिकतम परिचालन गर्दै सिमकोटको शैक्षिक स्तरलाई गुणात्मक रूपले विकास गर्न सरोकारवालहरूलाई एक आपसमा हातेमालो गर्दै अगाडि बढ्नुपर्छ । जिल्लामा शिक्षाको सङ्ख्यात्मक विकासमा सुधारात्मक अवस्था रहे तापनि गुणात्मक पक्ष भने ज्यादै कमजोर रहेको छ। यसले समग्र सिमकोटको शैक्षिक गुणस्तर सुधारका लागि निकै प्रयत्न गर्नु पर्ने कुराको सङ्केत गर्दछ। यसै बीच सिमकोट गाउँपालिकाको शैक्षिक विकासमा देखिएका समस्या र चुनौतिहरू यसप्रकार रहेका छन्।

- शैक्षिक नीति तथा कानुनहरू स्थिर नहुन,
- शिक्षा क्षेत्रमा सरकारी बजेटको हिस्सा न्यून हुनाले शिक्षक दरबन्दी तथा भौतिक अवस्थामा पर्याप्त सुधार हुन नसक्नु,
- शिक्षक विद्यार्थी अनुपात सामान्य देखिए पनि विद्यालयमा विषयगत र कक्षागत आधारमा शिक्षकहरूको अभाव,
- शैक्षिक क्रियाकलापमा नयाँ विधि/प्रविधिको प्रयोग हुन नसकी परम्परागत शैली नै कायम हुनु,
- शिक्षक विद्यार्थी नियमिततामा कमी,
- शैक्षिक क्षेत्रमा भित्रिएका जनशक्तिहरूमा पेशागत मर्यादा र आचरणमा व्यावहारीक परिवर्तन नआउनु,
- शैक्षिक उपलब्धिको लेखाजोखा केवल वार्षिक परीक्षाफललाई मात्र आधार बनाइने प्रचलन,
- विद्यालय/ कक्षा समायोजनमा सरोकारवाला बिच अन्यौल सिर्जना,
- शिक्षक दरबन्दी मिलानमा समस्या,
- शैक्षिक सामग्री ,योजना बिहीन तथा कक्षा कोठा र विद्यार्थी केन्द्रित शिक्षण सिकाइ नहुनु,
- पढाइ भए पछि सिकाइ हुनै पर्छ मानसिकताको कमी,
- निरन्तर विद्यार्थी मूल्याङ्कन र लेटर ग्रेडिङ पद्धतिको बुझाइमा कमी

**शैक्षिक विकामा संलग्न रहने जिम्मेवार पक्षहरू:**

(क) शिक्षक

(ख) विद्यालय व्यवस्थापन समिति

(ग) जनप्रतिनिधिहरु

(घ) अभिभावक

(ङ) विद्यार्थी

(च) शिक्षा तथा खेलकुद मन्त्रालय मातहतका सबै कार्यालयहरू

(छ) सरकारी कार्यालयहरू

(ज) सरकारी तथा गैर-सरकारी संघ संस्थाहरू

(झ) पत्रकार

(ञ) राजनितिक दल

(ट) सरोकारवाल।

**अबको बाटो**: सिमकोट गाउँपालिकाको भौगोलिक विकटता, थोरै जनघनत्व र सिमित स्रोत-साधनका बीच शिक्षा क्षेत्रमा सुधार गर्नु निकै चुनौतीपूर्ण र महत्त्वपूर्ण कार्य हो। यहाँको शैक्षिक गुणस्तर सुधार्न र आगामी दिनमा लिनुपर्ने मुख्य रणनीति तथा **"अबको बाटो"** लाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ:

**१.प्रविधिमैत्री शिक्षा र डिजिटल साक्षरता :**

- **इन्टरनेट र सञ्चारको पहुँच:** विकटताका कारण सबै विद्यालयमा भौतिक उपस्थिति सधैं सहज नहुने हुँदा विद्यालयहरूमा भरपर्दो इन्टरनेट र सौर्य ऊर्जा (Solar Power) को व्यवस्था गरी डिजिटल सिकाइलाई अगाडि बढाउनुपर्छ।
- **स्मार्ट क्लासरुम र आईसीटी ल्याब:** विद्यालयहरूमा कम्प्युटर ल्याब स्थापना गर्ने र शिक्षकहरूलाई सूचना प्रविधि (ICT) सम्बन्धी तालिम दिनु आवश्यक छ।

**२. स्थानीय पाठ्यक्रम र व्यावहारिक शिक्षा:**

- **स्थानीय आवश्यकता अनुरूपको पाठ्यक्रम:** गाउँपालिकाले आफ्नो मौलिक संस्कृति, भाषा, जडीबुटी, पर्यटन र कृषिमा आधारित स्थानीय पाठ्यक्रम निर्माण गरी लागु भएको अवस्था छ।
- **सीपमुलक र प्राविधिक शिक्षा:** माध्यमिक तह पार गर्दा नै विद्यार्थीले कुनै न कुनै प्राविधिक वा व्यावसायिक सीप (जस्तै: कृषि, पशुपालन, होटल व्यवस्थापन, वा हस्तकला) सिक्न सक्ने वातावरण बन्नुपर्छ।

**३ . शिक्षक व्यवस्थापन,क्षमता विकास र प्रोत्साहन:**

- **विषयगत शिक्षकको व्यवस्था:** दुर्गमका विद्यालयहरूमा प्रायः गणित, विज्ञान र अंग्रेजी जस्ता अनिवार्य विषयका शिक्षकहरूको अभाव हुने गर्छ। यसका लागि गाउँपालिकाले आफ्नै स्रोतबाट भए पनि करार वा स्वयंसेवक शिक्षक व्यवस्थापन गर्नुपर्छ।
- **शिक्षक तालिम र अनुगमन:** आधुनिक शिक्षण विधि, बालकेन्द्रित सिकाइ र मनोसामाजिक परामर्श सम्बन्धी नियमित शिक्षक तालिम सञ्चालन गर्ने र कक्षाकोठाको नियमित अनुगमन गर्ने प्रणाली विकास गर्नुपर्छ।

**४. भौतिक पूर्वाधार र बालमैत्री वातावरण :**

- **भूकम्प प्रतिरोधी र अपाङ्गतामैत्री भवन:** पुराना र जीर्ण विद्यालय भवनहरूको पुनर्निर्माण गरी सुरक्षित, बालमैत्री र अपाङ्गतामैत्री पूर्वाधार तयार गर्नुपर्छ।
- **आधारभूत सुविधा:** छात्रा र छात्रका लागि छुट्टाछुट्टै शौचालय, स्वच्छ खानेपानी र महिनावारी स्वच्छता (स्यानिटरी प्याड) को भरपर्दो व्यवस्था हुनुपर्छ।

**५. न्यूनीकरण (दर विद्यालय छाड्ने) ड्रप आउट दिवा खाजा**

- **दिवा खाजा कार्यक्रमको प्रभावकारिता:** हिमाली क्षेत्रमा स्थानीय उत्पादनमा आधारित पोषिलो दिवा खाजा कार्यक्रमलाई निरन्तरता र थप व्यवस्थित बनाउँदै विद्यार्थीको नियमितता बढाउन सकिन्छ।
- **छात्रवृत्ति र प्रोत्साहन:** आर्थिक रूपमा विपन्न, दलित र दुर्गम क्षेत्रका बालबालिका तथा छात्राहरूका लागि विशेष छात्रवृत्ति र स्टेसनरी सामग्री सहयोग कार्यक्रमलाई निरन्तरता दिनुपर्छ।

६. **स्थानीय सरकार,अभिभावक र विद्यालयका समन्वय:**

- **विद्यालय व्यवस्थापन समितिको सबलीकरण:** विद्यालय व्यवस्थापन समिति (SMC) र शिक्षक अभिभावक संघ (PTA) लाई राजनीतिक प्रभाव भन्दा टाढा राखी विद्यालयको विकासमा सक्रिय बनाउनुपर्छ।
- **सामुदायिक अपनत्व:** शिक्षाको गुणस्तर सुधारका लागि स्थानीय समुदाय र अभिभावकहरूलाई विद्यालयका गतिविधिमा नियमित सहभागी गराउने र जवाफदेही बनाउने । **निष्कर्ष:** सिमकोट गाउँपालिकाको शिक्षा क्षेत्रको अबको बाटो भनेको **"भौतिक पूर्वाधारको विकाससँगै डिजिटल रूपान्तरण र गुणात्मक सिकाइ"** नै हो। उपलब्ध बजेटलाई कनिका छरेजस्तो नगरी निश्चित मोडेल विद्यालयहरू स्थापना गरी क्रमिक रूपमा सुधार गर्दै लैजानु उपयुक्त देखिन्छ। **सारमा**ः गाउँपालिका स्तरीय विषय शिक्षकहरुको विज्ञ रोष्टर तयार पारी अनुगमन सुरीवेक्षण गर्ने ,वार्षिक परीक्षाको नतिजा विश्लेषण सार्थक र निरन्तर अनुगमन तथा सुपरीवेक्षण प्रणाली, पुरस्कार र दण्ड प्रणालीको अबलम्बन (विद्यार्थी, शिक्षक र विद्यालय) अध्ययन अनुसन्धान प्रविधिमैत्री सिकाइमा जोड सिकारुमैत्री सिकाइ अध्ययनशिल शिक्षक शिक्षकमा नैतिकता र इमान्दारीता शिक्षकलाई दलिय राजनितिबाट अलग अभिभावक शिक्षामा जोड अन्तर तह समन्वय शिक्षक अभिभावक समन्वय स्थानीय तह सक्रियता र भूमिकामा वद्धि का.स.मु. बढुवामा शिक्षकको कार्यसम्पादनलाई जोड्ने शिक्षकको क्षमता विकासका तालिम संचालन विषयगत दरबन्दी र शिक्षकको व्यवस्थापन विद्यालयको भौतिक पूर्वाधार विकास Result oriented activities "**मैले नगरे हुन्न**" भन्ने दृष्टिकोण विकास शिक्षकको सेवा सुविधा विद्यालयको सिकाइ उपलब्धिस्तर परीक्षण,विद्यार्थीको सिकाइ उपलब्धिस्तर परीक्षण, कार्यसम्पादन परीक्षण, कक्षा मोनिटरिङ्ग पाठ्य योजना निर्माण र अद्यावधिक ,उदारकक्षोन्ति प्रणालीको बुझाइ र न्यूनतम सिकाई उपलब्धीको प्राप्तिमा जोड, प्रधानाध्यापकको छनौट प्रणाली,परीक्षा प्रणाली……..।

## सरकारी विद्यालय सशक्तिकरण गर्न चाहिने पाँच अचुक उपायहरु:

- ➢ सामुहिक दुर-दृष्टिको तय गर्ने ।
- ➢ शिक्षक,कर्मचारी,अभिभावक तथा सामाजका अगुवाहरुलाई संगै राखेर सकारात्मक प्रगतिको प्रतिज्ञापत्रमा सहमति गर्ने ।
- ➢ शैक्षिक गुणस्तर परिवर्तन-आवश्यकता-पहिचानको लागि सर्वेक्षण गर्ने।
- ➢ सुधारका उद्देश्य र उपायहरु तय गर्ने।
- ➢ निश्चित अवधि तोकेर उद्धेश्य प्राप्तिको लागि कार्ययोजना बनाएर अगाडि बढ्ने।

## परिच्छेद–५ निष्कर्ष

**शिक्षामा भएका उपलब्धिहरू:-** हुम्ला जिल्लाको **सिमकोट गाउँपालिका** भौगोलिक रूपमा विकट र दुर्गम क्षेत्रमा अवस्थित स्थानीय तह हो। आर्थिक वर्ष **२०८२/०८३** मा सिमकोट गाउँपालिकाले आफ्नो वार्षिक नीति, कार्यक्रम तथा संघीय र प्रदेश सरकारको समन्वयमा शिक्षा क्षेत्रमा विभिन्न उल्लेख्य उपलब्धिहरू हासिल गरेको छ। यस अवधिमा शिक्षा क्षेत्रमा भएका **प्रमुख उपलब्धि तथा प्रयासहरूलाई** निम्नानुसार प्रस्तुत गरिएको छ:

### १. विद्यालय भर्ना अभियान र टिकाउ दरमा सुधार :

- **भर्ना अभियान:** दुर्गम र हिमाली भेगका बालबालिकालाई विद्यालयको पहुँचमा ल्याउन गाउँपालिकाले विशेष भर्ना अभियान तथा शैक्षिक अन्तर्क्रिया कार्यक्रमहरू (जस्तै: कर्णाली मा.वि.,मानसरोवर,कैलाश सैपाल हिमाल मा.वि. र आ.वि.लगायतका विद्यालयहरूमा भर्ना अभियान तथा शैक्षिक अन्तरक्रिया) सञ्चालन गरेको छ।

- **ड्रपआउट दर न्यूनीकरण:** बिचमै उमेर नपुगी विद्यालय छोड्ने (Drop-out) दरलाई कम गर्न स्थानीय समुदाय र अभिभावकहरूसँगको समन्वयलाई चुस्त बनाइएको छ।

**२. दिवा खाजा र प्रोत्साहन कार्यक्रमको निरन्तरता:**

- **स्थानीय उत्पादनमा आधारित दिवा खाजा:** हिमाली क्षेत्रका बालबालिकाको पोषण स्थिति सुधार गर्न र विद्यालयमा नियमितता बढाउन दिवा खाजा कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिएको छ।
- **लक्ष्यित छात्रवृत्ति:** विपन्न लक्षित, दलित र दुर्गम क्षेत्रका (विशेष गरी छात्रा) विद्यार्थीहरूका लागि छात्रवृत्तिको सही व्यवस्थापन र वितरण गरिएको छ।

**३. शैक्षिक पूर्वाधार तथा आवासीय विद्यालयको अवधारण :**

- **भौतिक सुधार:** राष्ट्रिय शैक्षिक सुधार कार्यक्रम र गाउँपालिकाको आफ्नै बजेटबाट विद्यालयका भौतिक संरचना, शौचालय र खानेपानी सुविधाको विस्तार गरिएको छ।
- **आवासीय विद्यालय प्रवर्द्धन:** भौगोलिक विकटताका कारण टाढाबाट आउनुपर्ने विद्यार्थीहरूका लागि आवासीय सुविधा भएका विद्यालयहरूको सुधार र व्यवस्थापनमा ध्यान दिइएको छ।

**४ .प्रविधि र डिजिटल सिकाइ (ICT) को सुरुवात:**

- **IEMIS अद्यावधिक:** गाउँपालिका अन्तर्गतका विद्यालयहरूको एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) लाई पूर्ण रूपमा डिजिटल र अद्यावधिक बनाइएको छ।
- **श्रव्यदृश्य सामग्री:** केन्द्र सरकारको समन्वयमा नेपाल टेलिभिजन (NTV+) र अनलाइन पोर्टलहरू मार्फत प्रसारण हुने डिजिटल शैक्षिक सामग्रीहरूमा दुर्गम क्षेत्रका विद्यार्थीहरूको पहुँच बढाउने प्रयास गरिएको छ।

**५ . शिक्षक व्यवस्थापन र क्षमता अभिवृद्धि:**

- **तलब-भत्ता र दरबन्दी मिलान:** शिक्षकहरूको व्यवस्थापन,समयमै तलब भत्ता निकासा र शिक्षक दरबन्दीलाई आवश्यकता अनुसार मिलान गर्ने कार्य गरिएको छ।
- **तालिम र निर्देशिका:** नयाँ पाठ्यक्रम र स्वाध्ययन सामग्री (जस्तै: आधारभूत तहका गणित तथा अन्य विषयका सामग्रीहरू) का आधारमा शिक्षकहरूलाई अभिमूखीकरण गर्ने नीति लिइएको छ। **थप जानकारीका लागि:** सिमकोट गाउँपालिकाको आ.व. **२०८२/०८३** को पूर्ण बजेट, नीति तथा कार्यक्रम र अन्तिम प्रगति प्रतिवेदनको विस्तृत विवरण हेर्नका लागि सिमकोट गाउँपालिकाको आधिकारिक वेबसाइट मा उपलब्ध वार्षिक प्रतिवेदन डाउनलोड गरेर अध्ययन गर्न सक्नु हुन्छ। **सार**:शैक्षिक पहुँचवृद्धि भएको, डिजिटल शिक्षामा विकास भएको, शिक्षण विधिमा समेत सुधार रहेको, शिक्षक दरबन्दी तथा विद्यालय समायोज कार्य अगाडि बढीरहेको, शैक्षिक अनुसन्धान र विकास भएको, समान अवसरको सिर्जना,विद्यालय अनुगमन तथा सुपरीवेक्षण, व्यावसायिक र प्राविधिक शिक्षाको विकास भएको,नागरिक कर्तव्यबोधको विकास, शैक्षिक सामग्री निर्माण, वितरण, तालिम, नेतृत्त्व क्षमता,योजना निर्माण,गुनासो सुनुवाई,अतिरिक्त क्रियाकलाप, सह-क्रियाकलाप बढोतरी, सामाजिक सुधार, स्थानीय पाठ्यक्रम विकास निर्माण,क्षमता विकास नेतृत्व विकास तालिम, विद्यालय भौतिक तथा शैक्षिक गुणस्तर सुधारका कार्यहरू, स्थानीय शिक्षा ऐन, नियमावली, कानून निर्माण आदि। यी उपलब्धिहरूले समाजलाई सशक्त बनाउने र दीर्घकालीन विकासलाई सुनिश्चित गर्ने काम गरेका छन्।

**शिक्षा क्षेत्रमा देखिएका चुनौतिहरू:-** हुम्ला जिल्लाको **सिमकोट गाउँपालिका** नेपालको सबैभन्दा विकट हिमाली क्षेत्रहरूमध्ये एक हो। राष्ट्रिय स्तरमा देखिएका चुनौतीहरूका अतिरिक्त यहाँको विशिष्ट भौगोलिक अवस्थिति,मौसम र सामाजिक-आर्थिक परिवेशका कारण शिक्षा क्षेत्रमा थप जटिल र विशिष्ट चुनौतीहरू रहेका छन्:

**१ . भौगोलिक विकटता  र मौसमको प्रतिकुलताः**

- **लामो र कठिन यात्रा:** भौगोलिक रूपमा छरिएर रहेका बस्तीहरूका कारण ससाना बालबालिकाहरू समेत घण्टौँ हिँडेर भिरपहराको बाटो हुँदै विद्यालय पुग्न बाध्य छन् ।
- **अत्यधिक चिसो र विद्यालय बन्द:** हिउँदको समयमा अत्यधिक चिसो र हिमपातका कारण लामो समय विद्यालयहरू बन्द गर्नुपर्ने हुन्छ, जसले गर्दा शैक्षिक सत्रको नियमित कार्यतालिका प्रभावित हुन्छ ।

**२.शिक्षक व्यवस्थापन र विषयगत दक्ष शिक्षकको अभाव :**

- **दुर्गममा बस्न अनिच्छा:** सुगम क्षेत्रबाट आएका दक्ष शिक्षकहरू लामो समय दुर्गममा बस्न नचाहने र सरुवा भई जाने हुनाले विद्यालयहरूमा निरन्तर शिक्षकको अभाव भइरहन्छ ।
- **विषयगत शिक्षकको चरम कमी:** विशेष गरी माध्यमिक तहमा गणित, विज्ञान र अंग्रेजी विषयका जग बस्ने गरी सिकाउने स्थायी र दक्ष शिक्षक पाउन निकै गाह्रो छ ।

**३ . पूर्वाधार ,प्रविधि र शैक्षिक सामग्रीको न्यूनता:**

- **भौतिक संरचनाको अभाव:** धेरैजसो विद्यालयका भवनहरू पुराना, जीर्ण र चिसो नधान्ने खालका छन् अपाङ्गतामैत्री संरचना र पर्याप्त छात्रामैत्री शौचालयको अझै अभाव छ ।
- **डिजिटल डिभाइड:** इन्टरनेट र नियमित विद्युत आपूर्तिको समस्याका कारण केन्द्र सरकारले अघि सारेको सूचना प्रविधि (ICT) र अनलाइन सिकाई प्रणाली सिमकोटका धेरैजसो विद्यालयमा नारामा मात्र सीमित छ ।
- **पाठ्यपुस्तक ढुवानीमा ढिलाइ:** सडक सञ्जालको भरपर्दो पहुँच नहुँदा हवाई मार्ग वा खच्चड मार्फत पाठ्यपुस्तक ढुवानी गर्नुपर्ने बाध्यता छ । जसका कारण कतिपय वर्ष शैक्षिक सत्र सुरु भएको लामो समयसम्म पनि विद्यार्थीले किताब पाउँदैनन् ।

**४. आर्थिक विपन्नता र विद्यार्थी Drop-out :**

- **घरायसी कामकाज र जडीबुटी संकलन:** चैत-वैशाख र जेठ महिनातिर जडिबुटी संकलन गर्ने सिजनमा वा खेतीपातीको समयमा विद्यार्थीहरू विद्यालय छोडेर अभिभावकलाई सघाउन जाने गर्छन् । यसले गर्दा पढाई बिचमै छुट्ने (Drop-out) दर उच्च छ ।
- **निजी क्षेत्रको आकर्षण र बसाइँसराई:** आर्थिक रूपमा केही सबल भएका परिवारहरू आफ्ना छोराछोरीलाई राम्रो शिक्षाको लागि सुर्खेत, नेपालगन्ज वा काठमाडौँ पठाउने वा बसाइँ सर्ने गर्नाले स्थानीय सामुदायिक विद्यालयमा विद्यार्थी संख्या घट्दो क्रममा छ ।

**५ . अनुगमन र संस्थागत सुशासनको कमजोरी :**

- **फितलो निरीक्षण:** भौगोलिक विकटता र यातायातको असुविधाका कारण गाउँपालिकाका शिक्षा,युवा तथा खेलकुद शाखाका कर्मचारीहरूले सबै विद्यालयमा पुगेर नियमित र प्रभावकारी अनुगमन तथा निरीक्षण गर्न सक्दैनन्
- **अभिभावकको न्यून सहभागिता:** चेतनाको कमी र दैनिक जीविकोपार्जनको संघर्षका कारण विद्यालय व्यवस्थापन र बालबालिकाको पढाईको निगरानीमा अभिभावकहरूको सहभागिता न्यून रहने गरेको छ ।

**निष्कर्ष:** सिमकोट गाउँपालिकाको शिक्षा क्षेत्रलाई सुधार्न केवल बजेट पठाएर मात्र पुग्दैन; यहाँका लागि विशेष हिमाली विद्यालय नीति,आवासीय विद्यालयहरूको स्थापना,प्रविधिमा आधारित अफलाइन सिकाई सामग्री र शिक्षकहरूलाई दुर्गममा टिकाइराख्ने विशेष प्रोत्साहन भत्ता जस्ता कार्यक्रमहरूको आवश्यकता देखिन्छ । अझै पनि कार्यक्रम तथा शैक्षिकम क्षेत्रमा पहुँचको असमानता रहेको, गुणस्तरीय शिक्षाको अभाव,शिक्षण स्रोत र पूर्वाधारको कमी, बजेट तथा जनस्तरको कमी, प्रविधि शिक्षामा

असमानता, शिक्षकको अभाव र गुणस्तरमा कमी, सिकाइ भन्दा पढाउने प्रविधि, आर्थिक अवरोध, सामाजिक, साँस्कृतिक र राजनैतिक हस्तक्षेप। यी चुनौतिहरूलाई सम्बोधन गर्न र शिक्षालाई सबैका लागि पहुँचयोग्य, गुणस्तरीय र समावेशी बनाउन ठोस रणनीति र प्रयास आवश्यक छ।

## ७. आ.व.२०८२।०८३ को वार्षिक शिर्षकगत खर्च विवरणः- चालु

रु.हजारमा

| सिमकोट गाउँपालिका समानिकरण अनुदान (शिक्षा) | | | | |
|---|---|---|---|---|
| क्र.स. | शिर्षक | विनियोजित रकम | खर्च रकम | खर्च प्रतिशत |
| १ | शिक्षण सिकाई अनुदान आधारभुत तह कक्षा ६ देखि ८ सम्म | १८,०५ | १८,०५ | १००% |
| २ | विद्यालय सहायक कर्मचारीहरुको थप तलब | २,७३ | २,७३ | १००% |
| ३ | विद्यालय कर्मचारी सहयोगी थप तलब | १७,९४ | १७,९४ | १००% |
| ४ | शिक्षण सिकाई अनुदान माध्यामिक तह | ३९,७५ | ३३,९३ | ८५.३५% |
| ५ | प्रारम्भिक बालविकास शिक्षा सहजकर्ता थप तलब | ३०,१६ | ३०,१६ | १००% |
| ६ | गाउँ शिक्षा समितिको बैठक सञ्चालन खर्च | २,५० | २,३१ | ९२.७० % |
| ७ | स्थानीय पाठयापुस्तक कक्षा ६- (८तयारी निर्माण तथा छपाई | १०,५६ | ३,०२ | २८.६३% |
| ८ | प्र.अ. बैठक सञ्चालन | २,५० | २,५० | १००% |
| ९ | बालशिक्षा शिक्षकहरुलाई प्रारम्भिक बालविकास सिकाई मापदण्ड सम्बन्धी क्षमता विकास तालिम | २,५० | २,५० | १००% |
| १० | शैक्षिक क्यालेण्डर निर्माण तथा प्रकाशन छपाई र वितरण | २,५० | २,५० | १००% |
| ११ | गाउँपालिका आधारभुत तह परीक्षा सञ्चालन कार्यक्रम | २,०० | २,०० | १००% |
| १२ | शैक्षिक पात्रो अनुसार विद्यालयहरुमा गाउँपालिकास्तरीय अतिरिक्त कृयकलाप सञ्चालन | ५,०० | ५,०० | १००% |
| १३ | विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुलाई क्षमता विकास कार्यक्रम | १,७९ | १,७९ | १००% |
| १४ | विद्यालयमा साहित्य सिर्जना तथा रचना कार्यक्रम सञ्चालन | २,०० | ० | ० |
| १५ | SEE& BLE उत्कर्ष छात्रावृत्ति तथा सम्मान कार्यक्रम | ३,०० | २,०० | ६६.६७ % |
| १६ | उच्च शिक्षा (MBBS, AAMI, AAmN AMPHIL etc) अध्ययन छात्रावृत्ति कार्यक्रम | ५,०० | ० | ० |
| १७ | मानसरोवर बुहुमुखी क्याम्पस अनुदान | ३,०० | ३,०० | १००% |
| १८ | वडास्तरीय विद्यालय शैक्षिक गुणस्तर कार्यक्रम वडा-८ | १,०० | १,०० | १००% |
| १९ | बालमैत्री शैक्षिक तालिम | ४० | ४० | १००% |

| संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शर्सत चालु ) | | | | |
|---|---|---|---|---|
| २० | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | ९,१५ | ९,१५ | १००% |
| २१ | माध्यमिक तहमा कक्षामा (कक्षा ९-१०) अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ७,२१ | ३,६० | ५०% |
| २२ | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान | ६१,२४ | ६१,२४ | १००% |
| २३ | आधारभूत तह (कक्षा ६-८) मा अंग्रेजी ,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ९७ | ४८ | ५०% |
| २४ | आधारभुत तथा माध्यमिक तहमा स्वीकृत दरवन्दी तथा अनुदानमा कार्यरत शिक्षकको थप तलव भत्ता | ५२,८३ | ५२,८३ | १००% |
| २५ | आधारभूत तह (कक्षा ६-८) मा अंग्रेजी ,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ४८ | २४ | ५०% |
| २६ | माध्यमिक तहमा कक्षामा (कक्षा ९-१०) अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ४८,२० | ४२,७५ | ८८.७० % |
| २७ | माध्यमिक तहमा कक्षामा (कक्षा ९-१०) अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | १४,५५ | १४,५५ | १०० % |
| २८ | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान | १८,४९ | १८,४९ | १००% |
| २९ | माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षक लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारी/प्राविधिक धारका प्रशिक्षक समेत) | २,०५०० | २,०५०० | १००% |
| ३० | आधारभूत तह (कक्षा ६-८) मा अंग्रेजी ,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ३,१२ | ३,१२ | १००% |
| ३१ | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ समाग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान | २,७१ | २,७१ | १००% |
| ३२ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | ६,१९ | ६,१९ | १००% |
| ३३ | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड ब्यवस्थापन | १,९६ | १,९६ | १००% |
| ३४ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | २,२७ | २,२७ | १००% |
| ३५ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | १५,०६ | ११,१७ | ७४.१७ % |
| ३६ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत | ४,५८ | ४,५८ | १००% |

| | | | | |
|---|---|---|---|---|
| | विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | | | |
| ३७ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृत्ति आवासीय तथा गैर आवासीय | ९,९० | ९,९० | १००% |
| ३८ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | २,२५ | २,२५ | १००% |
| ३९ | विपन्न लक्षित छात्रवृत्तिका लागि छनौट भएका (कक्षा ६-१२) मा अध्ययनरत विद्यार्थीका लागि छात्रवृत्ति | ८,९७ | ६,२७ | ६९.९० % |
| ४० | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | ५,८६ | ५,८६ | १००% |
| ४१ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | ९,०२ | ९,०२ | १००% |
| ४२ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | ६०,३४ | ५१,९० | ८६.०२ % |
| ४३ | विपन्न लक्षित छात्रवृत्तिका लागि छनौट भएका (कक्षा ६-१२) मा अध्ययनरत विद्यार्थीका लागि छात्रवृत्ति | १,३४ | १,३४ | १००% |
| ४४ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | ११,८३ | ११,८३ | १००% |
| ४५ | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड ब्यवस्थापन | ९७ | ९७ | १००% |
| ४६ | विपन्न लक्षित छात्रवृत्तिका लागि छनौट भएका (कक्षा ६-१२) मा अध्ययनरत विद्यार्थीका लागि छात्रवृत्ति | २,७१ | २,७१ | १००% |
| ४७ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | १५,१७ | ८,५४ | ५६.३३% |
| ४८ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृत्ति | ६९,२६ | ५५,६० | ८०.२८ % |
| ४९ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | ३,०६ | ३,०६ | १००% |
| ५० | शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मुल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण | ५,१९ | ५,१९ | १००% |
| ५१ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृत्ति (आवासीय गैरआवासीय) | २०,१९ | २०,१९ | १००% |
| ५२ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | ३९,२० | ३९,२० | १००% |
| ५३ | शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मुल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण | १,५७ | ८० | ५१.५५ % |
| ५४ | शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मुल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण | ७८ | ० | ० |
| ५५ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | १८,२१ | १८,२१ | १००% |

| | | | | |
|---|---|---|---|---|
| ५६ | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ समाग्री व्यवस्थाका लागि विद्यालयलाइ अनुदान | १८,१५ | ११,०८ | ६१.०९ % |
| ५७ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | ४,५५ | ४,५५ | १००% |
| ५८ | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ समाग्री व्यवस्थाका लागि विद्यालयलाइ अनुदान | ५,४८ | ५,४८ | १००% |
| ५९ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | २०,५० | २०,५० | १००% |
| ६० | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड ब्यवस्थापन | ६,५१ | ६,४९ | ९९.७७ % |
| ६१ | आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान | ६,९०,०० | ६,९०,०० | १००% |
| ६२ | विद्यालय फर्निचर,शैक्षिक सामग्री,कम्प्युटर र डिजिटल बोर्ड | ५४,०० | ४३,३५ | ८०.२८ |
| **कुल जम्मा रकम** | | **१६,९२,२३** | **१६,०६,३२** | **९४.९२ %** |

## ८. आ.व.२०८२।०८३ को वार्षिक शिर्षकगत खर्च विवरणः (शसर्त अनुदानः पुँजीगत)

रु.हजारमा

| क्र.स. | शिर्षक | विनियोजित रकम | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | निर्मित गुरुयोजनाका आधारमा स्थानीय तहको साझेदारीमा विद्यालयको भौतिक निर्माण अनुदान | ६६,०० | ६६,०० | १००% |
| २ | पञ्चमुखी चाङ्ला र कालाशिल्ता कुम्लिक आ.वि. फर्निचर | ५,०० | ५,०० | १००% |
| ३ | रामदेव मा.वि.खेलमैदान र घेरबार | ५,०० | ४,८५ | ९७ % |
| ४ | बालमन्दिर मा.वि.अस्थायी टहरा तथा शौचालय निर्माण अनुदान | ५,०० | ४,८४ | ९६.९६ % |
| **कुल जम्मा** | | **८,१००।** | **८०,६९।** | **९९.६२ %** |

## १०.शैक्षिक स्थिति प्रतिवेदनको मुख्य सारसंक्षेप :

- **विद्यार्थी र भर्ना दर:** आधारभूत तहमा बालबालिकाको भर्ना दर राम्रो भए तापनि माथिल्लो कक्षामा पुग्दा विद्यालय छोड्ने (ड्रपआउट) दर उच्च रहनु मुख्य चुनौती हो।
- **भौतिक पूर्वाधार:** विद्यालय भवन, खानेपानी, र छात्रामैत्री शौचालयको निर्माणमा केही सुधार आएको छ, तर विकट भौगोलिक अवस्थाका कारण दुर्गम क्षेत्रमा प्रविधि र आधुनिक पूर्वाधार पुऱ्याउन अझै कठिन छ।
- **दरबन्दी र जनशक्ति:** गणित, विज्ञान र अङ्ग्रेजी जस्ता अनिवार्य विषयका शिक्षकहरूको दरबन्दी अभाव छ,जसलाई गाउँपालिका अनुदान र राहत शिक्षक मार्फत धान्ने प्रयास गरिएको छ।
- **सरकारी कार्यक्रमहरू:** दिवा खाजा, निःशुल्क पाठ्यपुस्तक र विपन्न /छात्रा छात्रवृत्ति कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन भइरहेका छन्।
- **युवा तथा खेलकुद:** युवाहरूका लागि स्वरोजगार तथा सीपमूलक तालिम र विद्यालय स्तरमा खेलकुद अध्यक्षकप/राष्ट्रपति रनिङ शिल्ड जस्ता प्रतियोगिताहरू सञ्चालन गरिएका छन्।
- **आगामी आवश्यकता:** शैक्षिक गुणस्तर सुधार्न शिक्षक तालिम, डिजिटल कक्षाकोठा विस्तार र नियमित अनुगमनमा जोड दिनुपर्ने देखिन्छ।